प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४१५/२०७१/०७२

निर्णय नं. ७९०

अर्घाखाची जिल्ला नयां बसपार्क लाईन, सन्धिखर्क १ बस्ने मुक्तिनाथ भुषाल..................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची ....................................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची ....................................................१

विषय :- सूचना दिनु भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

अर्घाखाची जिल्ला नयां बसपार्क लाईन, सन्धिखर्क १ बस्ने मुक्तिनाथ भुषालले जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची समक्ष सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७२।०२।०५ मा गरेको पुनरावेदकको सम्बन्धमा यस आयोगको मिति २०७२।०२।२८ को आदेश कार्यान्वयन सम्बन्धमा आयोगको मिति २०७२।०३।०२ च.नं.१३९३ को पत्रबाट जिल्ला शिक्षा कार्यालय, अर्घाखाँचीलाई पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म् पनि सूचना पाईन भनी पुनरावेदक स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।